आज मिति २०७९ साल कार्तिक १९ गते विहान ८:३० बजे निर्वाचन आचारसंहिता २०७९ को दफा ३० अनुसार गठित **जिल्ला आचारसंहिता अनुगमन समिति**का संयोजक मुख्य निर्वाचन अधिकृत माननीय ब्रजेश प्याकुरेलज्यूको अध्यक्षतामामा बैठक बसी निम्न अनुसारको उपस्थितिमा छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

<u>उपस्थितिः</u>

| | |
|---|---|
| मुख्य निर्वाचन अधिकृत माननीय ब्रजेश प्याकुरेल | संयोजक |
| प्रमुख जिल्ला अधिकारी श्री सुरेन्द्र पौडेल | सह-संयोजक |
| प्रमुख कोष नियन्त्रक डा. विरेन्द्र कुमार मिश्र | सदस्य |
| प्रहरी उपरीक्षक श्री बसन्त रजौरे | सदस्य |
| उप अनुसन्धान निर्देशक श्री दिलिप कुमार सिंह | सदस्य |
| प्रदेश निर्वाचन अधिकारी श्रीधर पन्थी | सदस्य सचिव |

<u>आमन्त्रितः</u>

निर्वाचन अधिकृत श्री उत्तमप्रसाद खरेल

निर्वाचन अधिकृत श्री धर्म अवतार कोइराला

निर्वाचन अधिकृत श्री सुदिप कुमार दंगाल

सशस्त्र प्रहरी उपरीक्षक श्री प्रकाश कुमार सुवेदी

**निर्णय** :

१. साना किसान कृषि सहकारी संस्था लि. मिथिला नगरपालिका, वडा नं. ३ हरिहरपुर धनुषाले मिति २०७९।०७।१९ गतेका दिन विहान १० बजे महेन्द्र उच्च मा.वि. ढल्केबरमा गर्न लागेको साधारण सभाका सम्बन्धमा आचारसंहिता उल्लंघन हुने भनी उजुरी प्राप्त भएको हुँदा प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन पश्चात मात्र उक्त कार्यक्रम गर्ने गरी तत्काललाई स्थगन गर्न मिथिला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

२. निर्वाचन प्रचार प्रसारको महत्वपुर्ण अवधिमा धनुषा जिल्ला भित्र रहेका विभिन्न सहकारी, गैह्र सरकारी संस्था लगायतका अन्य संघ संस्थाहरुको साधारण सभा भई रहेको र सो सभाका नाममा आचारसंहिता विपरितका विभिन्न गतिविधिहरु हुन सक्ने सम्भावना रहेको र सोको कारणले निर्वाचनको सुरक्षा समेतमा असर पर्न सक्ने सम्भावनालाई दृष्टिगत गरी हाललाई मिति २०७९।०८।०४ गतेसम्म त्यस्ता कार्यक्रमहरु स्थगन गर्न लगाउन सवै पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुलाई निर्देशन दिने ।

३. निर्वाचन क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्यको ने.क.पा. एमालेका उम्मेदवार रघुविर महासेठ, प्रदेश सभा सदस्य ४(१) का ने.क.पा. एमालेका उम्मेदवार संतोष यादव तथा क्षिरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख उपस्थित भई छठ पर्वको उपलक्ष्यमा निर्वाचन आचारसंहिता विपरित महिलाहरुलाई साडी बाँडेको सम्बन्धमा जनकपुर टुडे पत्रिकाले प्रकाशन गरेको समाचार र विभिन्न सामाजिक संजालहरुबाट सोको तस्वीर समेत प्राप्त भएको हुँदा आवश्यक कारवाहीको लागि पत्रिकाको कटिङ्ग र फोटो सहित निर्वाचन आयोगमा लेखी पठाउने ।

४. माथि उल्लेखित निर्णयहरु आम संचार माध्यम मार्फत सार्वजनिक गर्ने ।